म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ४२ सोमबार २४ भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 9 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

### अस्पतालमा जलन उपचार केन्द्र स्थापनाको लक्ष्य

# हेटौंडामा आजबाट राष्ट्रिय भेट्रान्स फुटबल, तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ खेलकुद प्रतियोगिताको आयोजना खेलाडीको वृद्धिविकाससँगै व्यक्तिगत स्वास्थ्य सुधार र मनोरञ्जनका लागि आयोजना हुँदै आइरहेको सामान्य बुझाई छ ।

पछिल्ला दिनमा खेलकुद मनोरञ्जनका लागि मात्र नभई समाजसेवाका लागि आयोजना हुन थालेका छन् । हेटौंडामा आज सोमबारबाट स्वास्थ्यउपचारको क्षेत्रमा महत्वपूर्ण संरचना स्थापनाको लक्ष्य राखेर तेस्रो रोटरी मकवानपुर पिप्ले-क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता आयोजना हुँदैछ । रोटरी क्लब अफ मकवानपुरको आयोजनामा हुन लागेको राष्ट्रिय भेट्रान्स फुटबलको सबै तयारी पूरा भएको आयोजकले आइतबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । शिक्षा, स्वास्थ्य तथा खानेपानीको क्षेत्रमा काम गरिरहेको रोटरीले खेलकुदबाट पनि समाजसेवाको लक्ष्य लिएको हो ।

१५ टिमको सहभागिता रहने प्रतियोगिता हेटौंडा उपमहानगरपालिका-५ स्थित पिप्लेक्याम्पा रंगशालामा हुनेछ । ४० वर्षदेखि माथि उमेरसमूहका खेलाडीले सहभागिता जनाउनेछन् । आज दिउँस प्रतियोगिताको उद्घाटनमा साविक विजेता चितवन भेट्रान्स र नागस्वती भेट्रान्स हेटौंडाबीच प्रतिस्पर्धा हुने आयोजक रोटरीले जनाएको छ ।

प्रतियोगितामा चितवन र नागस्वतीसहित हेटौंडा भेट्रान्स क्लव, आयोजकको रोटरी पिप्ले भेट्रान्स, सिमरा भेट्रान्स, नवजनजागृति भेट्रान्स सिमरा, वीरगञ्ज एकेडेमी भेट्रान्स, युनिटी भेट्रान्स वीरगञ्ज, निजगढ भेट्रान्स, हरिवन भेट्रान्स, पूर्वेली भेट्रान्स क्लव झापा, एसएन केसी काठमाडौं, फ्रिडम फाइटर काठमाडौं, अभिषेक चर्च नवलपरासी र पोखरा भेट्रान्सको सहभागिता रहेको छ ।

यसअघि २०७२ र ०७३ सालमा खेल आयोजना गरेको रोटरीले लामो समयपछि फेरि प्रतियोगितालाई निरन्तरता दिन लागेको हो । भदौ ३१ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले २ लाख २ हजार २२२ रुपैयाँ र उपविजेताले एकलाख १ हजार १११ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यसअघिको दुई संस्करणमा विजेतालाई १ लाख र उपविजेतालाई ७५ हजार पुरस्कार थियो ।

प्रतियोगिताको उत्कृष्ट प्रशिक्षकले १० हजार प्राप्त गर्नेछन् भने उत्कृष्ट खेलाडी, गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र फरवार्डले जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्ने रोटरी क्लव अफ मकवानपुरका अध्यक्ष अनिल अग्रवालले बताए ।

हेटौंडामा जलन प्राथमिक उपचार केन्द्र (आगोले पोलेकाहरुको तत्काल उपचार गर्ने) निर्माणका लागि राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता आयोजना गर्न लागिएको हो । जलन प्राथमिक उपचार केन्द्र अभियानलाई सहयोग जुटाउन २०७३ सालपछि प्रतियोगिता गर्न लागिएको रोटरी क्लबका अध्यक्ष अग्रवालले जानकारी दिए । उपचार केन्द्र हेटौंडा अस्पताल भित्र सञ्चालनको तयारी भइसकेको अग्रवालले बताए ।



रोटरी मकवानपुरका पूर्वअध्यक्ष कबिन संगामीले अबको दुई महिनाभित्र अस्पतालसँगको समन्वयमा उपचार केन्द्र सञ्चालन गरिने उद्देश्य राखिएको जानकारी दिए । 'अहिललाई करिब दुई महिनामा अस्पतालसँगको सहकार्यमा उपचार केन्द्र चलाउँछौं । करिब दुई वर्षमा छुट्टै उपचार केन्द्र स्थापनाको उद्देश्य छ,' संगामीले भने । उनकाअनुसार मकवानपुरमा आगोले पोलेकाहरुको तत्काल उपचार गर्ने छुट्टै व्यवस्था छैन ।

प्रतियोगिताको पिप्ले युवा क्लब सहआयोजक र सहकार्य रोटऱ्याक्ट क्लब अफ मकवानपुर रहेको छ । हेटौंडामा २०७२ र २०७३ मा क्रमश: प्रथम र दोस्रो राष्ट्रिय भेट्रान्स कप '८ ए' साइड फुटबल प्रतियोगिता आयोजना गरिएको थियो । दुवै संस्करण चितवन भेट्रान्स क्लबले जितेको थियो । विगतमा दुई संस्करण '८ ए' साइड प्रतियोगिता भएकोमा यसवर्ष '११ ए' साइड खेलाइने अध्यक्ष अग्रवालले जानकारी दिए ।

### नि:शुल्क जलन उपचारको तयारी

विश्व स्वास्थ्य संगठनले गतवर्ष सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार विश्वमा बर्सेनि एक करोड १० लाखभन्दा बढी मानिस जलनमा पर्ने गरेका छन् ।

नेपालमा पनि सानाठुला गरेर हरेक वर्ष ७६ हजारको हाराहारीमा जलनका घटना हुँदै आएको छ । आगोको जलन, ग्यास लिक भएर हुने जलन, एसिडको जलन, विद्युतीय जलन र आगोमा पकाइएका तथा उमालिएका चिजवस्तु पोखिएर आमरुपमा हुने जलनका घटना अधिक छन् । यस किसिमका गम्भीर प्रकृतिका बिरामीको उपचार सहजरुपमा हुन सक्ने वातावरणको व्यवस्थापन मुलुकमा नहुनु विडम्बनापूर्ण थियो । अब भने सरकारले नि:शुल्क उपचारको व्यवस्था गर्न लागेको छ ।

चालु अधिवेशनमा प्रतिनिधिसभामा यससम्बन्धी विधेयक नै दर्ता गरिएको छ भने सरकारले जलनका बिरामीको उपचार नि:शुल्क गर्ने गरी तत्काल तयारी थालेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जलनका बिरामीका लागि नि:शुल्क उपचार गर्ने गरी कार्यविधि तयार पारेर तत्काल लागु गर्न लागेको जनाइएको छ । प्रतिनिधि सभामा यसअघि मानव शरीर जलन नियन्त्रण तथा सजायसम्बन्धी गैरसरकारी विधेयक दर्ता भएको थियो । मुलुकी अपराधसंहिता र तेजाब तथा अन्य घातक रासायनिकपदार्थ (नियमन) ऐनमा भएका विषयसमेत समेटेर नयाँ कानुन निर्माणको प्रस्ताव गर्दै १७ जना सांसदले विधेयक दर्ता गराएका थिए ।

स्वास्थ्य मन्त्रालयले तयार पारेको कार्यविधिअनुसार जलनका बिरामीको प्राथमिक उपचार जिल्ला अस्पतालमा र थप उपचार आवश्यक भएमा केन्द्रीय अस्पतालमा सिफारिस गर्नुपर्ने प्रावधान राखिएको छ । उपचारको प्रयोजनका लागि ७७ वटै जिल्ला अस्पताललाई प्राथमिक तह निर्धारण गरेर जलनका बिरामीको उपचार हुने कार्यविधिमा उल्लेख छ ।

# मकवानपुरका हास्यव्यंग्यकार रिजाल सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ मकवानपुरे हास्यव्यंग्यकार आरसी रिजाल फित्कौली हास्यव्यंग्य राष्ट्रिय सम्मानबाट सम्मानित भएका छन् । फित्कौली डटकम सञ्चालनको एघारौं वर्ष र अनलाइन पत्रिकाको तेस्रो वर्ष प्रवेशका अवसरमा आइतबार आयोजित एक कार्यक्रममा उनी सम्मानित भएका हुन् ।

रिजाललाई २० हजार १ सय ५ रुपैयाँ नगदसहित प्रमाणपत्रले सम्मान गरिएको हो । फित्कौली डटकमा प्रधान सम्पादक नरनाथ लुइँटेलको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रा.डा गोविन्दराज भट्टराईले रिजाललाई सम्मान गरेका थिए । काठमाडौंका चट्याङ मास्टरलाई 'बुद्ध्यौली विषयका भीष्मपितामह'का रुपमा सम्मानित गरिएको थियो ।



सर्लाही निवासी महेश थापालाई गोविन्द-विजया फित्कौली हास्यव्यंग्य राष्ट्रिय प्रतिभा पुरस्कार, सर्लाहीका महेश थापालाई गोविन्द-विजया फित्कौली हास्यव्यंग्य राष्ट्रिय प्रतिभा पुरस्कार, सुभाषचन्द्र देवकोटा (गोरखा)लाई फित्कौली राष्ट्रिय हास्यव्यंग्य कविता पुरस्कार, सिन्धुपाल्चोकका देवीप्रसाद चापागाईंलाई फित्कौली राष्ट्रिय हास्यव्यंग्य राष्ट्रिय निबन्ध पुरस्कार र इलामका दीनानाथ पोखेललाई मुकुन्द-मुना फित्कौली राष्ट्रिय बुद्ध्यौली कविता पुरस्कार अर्पण गरिएको आयोजकले जनाएको छ ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कहाँ पुऱ्याइन्छन् हराएकाहरु ?

हेटौंडाको बसामाडीकी १९ वर्षीया सुनिता घिमिरे विदेश जान हिँडेको ७ महिना बितिसक्दा पनि परिवारसँग सम्पर्क हुन सकेको छैन । छोरीको खोजतलास गरिदिन जिल्ला प्रहरी कार्यालय हेटौंडामा निवेदन दिइसकेको उनका बाबुले बताएका छन् । वैदेशिक रोजगारीका निम्ति एक वर्षअघि कतार पुगेका मकवानपुरगढी सुकौराका लक्ष्मण ब्लोनकी पत्नी पनि ९ महिनाअघि घरबाट बेपत्ता भएकी छिन् । उनका ससुराले जिल्ला प्रहरी कार्यालय हेटौंडामा खोजबीन गरिदिन निवेदन दिएका छन् । बकैया गाउँपालिकाको विकट क्षेत्र १ नम्बर वडाको धियालकी विवाहित २८ वर्षीया सुन्तली लामा र बागमती गाउँपालिका-२ की २१ वर्षीया मुना वाइबा घरबाट हेटौंडा घुम्न आएको ९ महिना बितेको अझै भेटिएका छैनन् । पुस २० मा उनीहरु घुम्न भन्दै घर बाट हेटौंडा निस्केका हुन् । बुहारीहरु घर फर्केनन् भनेर दुवैका ससुराले प्रहरी कार्यालय हेटौंडाको महिला सेलमा निवेदन दिए । निवेदन दिएको ८ महिनासम्म उनीहरुको अत्तोपत्तो छैन । भीमफेदीकी २४ वर्षीया विवाहित ठूलीमाया विक पनि बेपत्ता भएको ११ महिना भइसक्यो । उनका पतिले प्रहरीलाई खोजबिन गरिदिन निवेदन दिएका छन् । पति सुमन विक मलेसियाबाट काठमाडौं उत्रिएकै दिनदेखि ठूलीमाया घरबाट बेपत्ता भएकी हुन् । दुई र चारवर्षका दुई छोरालाई छाडेर उनी बेपत्ता भएकी हुन् । आफूले विदेशमा कमाएर पठाएको सबै पैसा लिएर उनी बेपत्ता भएको पतिको आरोप छ ।

पछिल्ला दिनमा बैदेशिक रोजगारीका कारण हराउनेको संख्या बढेको देखिएको छ । नेपालमा रोजगारी नभएर बिदेशिएका युवा घर फर्केपछिको बिचल्लीको अवस्था सृजना भएको छ । वास्तवमा समाजमा यो गंभीर समस्या बनेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/८१ भित्र मकवानपुरमा २ सय ९० जना हराएको उजुरी परेको छ । हराएकामध्ये ४८ जना अझै नभेटिएको प्रहरी तथ्यांक छ । हराएका मानिस कहाँ पुऱ्याइन्छन् त्यसको जानकारी न त परिवारलाई छ न त प्रहरी प्रशासनलाई नै छ । हराएको उजुरी दिनेले मानिस फेला परेपछि प्रहरीलाई जानकारी नगराउने कारण पनि छन् । जसकारण पनि हराएकाहरु नभेटिने सूचिमा रहने गरेको प्रहरीको अनुमान छ । मकवानपुरमा गत आवमा २ सय ४२ जना फेला परेका थिए । गत आवमा १ सय ७० जना महिला ८४ बालिका हराएका थिए । जसमध्ये १९ जना बालक एवम् १७ जना ज्येष्ठनागरिक हराएको प्रहरीले जनाएको छ । ८४ जना हराएका बालिकामध्ये ७८ जना फेला परेको र ६ जना अझै बेपत्ता छन् । १ सय ७० जना महिला हराएकामा १ सय ३४ जनामात्र फेला परेको र ३६ जना अहिलेसम्म फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालयले बताएको छ । गत आवमा १९ जना बालक हराएकामा १८ जना फेला परेको र एक जना अझै फेला नपरेका प्रहरीले बताएको छ । १७ जना ज्येष्ठनागरिक हराएकामा १४ जनामात्र फेला परेको र ५ जना फेला पार्न नसकेको प्रहरीले जनाएको छ । जिल्लामा एक वर्षमा विवाहित १३ जनासहित १५ जना महिला अहिले यसरी बेपत्ता भएको प्रहरी रेकर्डले देखाउँछ । हराएकोले खोजी गरिदिन भन्दै उनीहरुका पति, ससुरा लगायतका परिवारले प्रहरीले उजुरी दिने गरेका छन् । महिला मात्र नभई बालबालिका पनि धेरै हराएको प्रहरीको तथ्यांक्ले देखाउँछ । मनहरी गाउँपालिका-४ का २ बालक र एक बालिका माघ १५ गतेदेखि हराएका छन् । घरबाट हेटौंडाबजार घुम्न आएका तीन बालबालिका अहिलेसम्म घर फर्केका छैनन् । गत फागुन महिनामा मात्रै ५ बालिकासहित ७ जना बालबालिका हराएको प्रहरीको महिला सेलले जनाएको छ ।

बागमती प्रदेशको १० जिल्लामा गत आवमा महिला, बालबालिका र ज्येष्ठनागरिक गरी १ हजार ३ सय ४५ जना हराएका थिए । हराएकामध्ये १ हजार १ सय ६५ जना फेला परेका छन् भने १८० जना अझै बेपत्ता छन् । उपत्याका बाहिरका १० जिल्लामा गत आवमा ७ सय ६७ जना महिला हराएका थिए, तीमध्ये ६ सय ४७ जना फेला परे भने १ सय २१ जना अझै बेपत्ता छन् । आव २०८०/८१ मा ३ सय ८५ बालिका हराएकामा ३ सय ५५ जना फेला परेको प्रहरी प्रहरी कार्यालयले जानकारी दिएको छ । ३० जना अझै हराइरहेको प्रहरीले जनाएको छ । १ सय २० जना बालक हराएकामा १ सय ६ जना फेला परेका छन् भने १४ जना सम्पर्कविहीन छन् । ७३ जना ज्येष्ठनागरिक हराएकामा ५८ जना फेला परेका छन् भने १५ जना अझै हराएको प्रहरीले जनाएको छ । महिला र बालबालिका बेपत्ता हुनेक्रम बढ्दो रहेको छ । महिला र बालबालिकालाई कता लगेर बेपत्ता पार्छन् भन्ने रहस्य पत्ता लगाउन मुस्किल छ । महिला र बालबालिकालाई विभिन्न प्रलोभनमा पारेर विदेशमा लगेर बिक्री गर्ने गरेको बालबालिकाको क्षेत्रमा काम गरिरहेको गैससले बताउने गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २५ गते मंगलबार १० सेप्टेम्बर २०२४ । सप्तमी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४७, सूर्यास्त ६:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# मानव बेचबिखन अन्त्यका लागि सुरक्षा कूटनीति



✍ मिलन घरेल



**मानव बेचबिखन प्रभावित र उच्च जोखिमको मुलुक भएका कारण नेपालले मानव बेचबिखन तथा ओसारपसारका विषयमा सुरक्षा कूटनीतिको प्रयोग र परिचालनलाई जोड दिनु आज सान्दर्भिक र प्रभावकारी हुन सक्दछ ।**

मानव बेचबिखन तथा ओसारपसार आज विश्वभर मानवीय सुरक्षा, संगठित अपराध नियन्त्रण, मानवअधिकारको संरक्षण र सम्वर्द्धनका सन्दर्भमा एक गम्भीर चुनौतीका रूपमा देखा परेको समस्याको रूपमा रहेको छ । आमरूपमा मानव बेचबिखन तथा ओसारपसारलाई बालिका र महिलाहरूको यौन शोषणका लागि हुने गरेको संगठित अपराधको रूपमा बुझिने गरेको भए पनि यसको राजनीतिक, विश्व व्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक आयाम पनि रहेको छ ।

पछिल्लो समय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा अन्तर्राष्ट्रिय कूटनीति र विश्व व्यवस्थाका राजनीति अत्यन्तै पेचिलो र प्रभावशाली बन्दै गएको हामी देख्न सक्छौं । यसै सन्दर्भमा नेपालमा मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवसका अवसरमा विविध कार्यक्रम भइरहँदा यस विषयको सुरक्षा कूटनीतिको पक्षलाई उजागर गर्ने प्रयत्न यस लेखमा गरिएको छ । सामान्यतया मानव बेचबिखन भन्नाले निजी लाभका निम्ति अन्य व्यक्तिलाई एक स्थानबाट अर्को स्थानमा लैजाने, ल्याउने, प्राप्त गर्ने, बन्दी बनाउने, बेचबिखन गर्ने, किन्ने र बाध्यकारी रूपमा श्रममा संलग्न गराउने कार्यहरू पर्दछन् । मानव बेचबिखनका घटनाहरू कुनै पनि घटनाको प्रक्रिया र उद्देश्यको शृंखलाबद्ध कार्यहरूको सम्बन्धका आधारमा निर्क्योल गर्ने गरिन्छ ।

यसमा मूलत: कार्य, स्थानान्तरण प्रक्रिया र शोषणको उद्देश्य तीन पक्षको शृंखलाबद्ध उपस्थितिलाई अनिवार्य मानिएको छ । यस अर्थमा मानव बेचबिखन देशभित्रै, महिलालाई मात्र नभई पुरुषहरूको पनि, यौनशोषण मात्र नभई श्रमशोषणका लागि पनि, प्रणालीको सुरुवातमा स्पष्ट नदेखिए पनि ओसारपसारका शृंखलामा कुनै पनि बखत बेचबिखनको मार्गमा रूपान्तरण हुनसक्ने सम्भाव्य घटनाको रूपमा हेरिनुपर्दछ । मानव बेचबिखनको कार्यमा प्रक्रिया र उद्देश्यको शृंखलाबद्ध सम्बन्ध स्थापित गर्न नसक्दा कतिपय अपराधहरू प्रमाणित हुन नसकेको, पीडितले न्याय प्राप्त गर्न नसकेको र कतिपय तथ्यांकहरू लुकेको साथै कतिपय घटनाहरू बढाइँचढाइ प्रचार भएको पनि हामीले पाएका छौं ।

### मानव बेचबिखन र कूटनीतिको सम्बन्ध

मानव बेचबिखन विरुद्धको तथ्यांक सहकार्य सीडीटीसीको प्रतिवेदन अनुसार सन् २०२४ मा मात्र विश्वभर २ लाख ६ हजार ५४९ मानव बेचबिखनका घटनाहरू रेकर्ड गरिएका छन् । जसमा १९० देशका नागरिकहरू पीडित र प्रभावित भएका छन् भने १९४ देशमा शोषण भएको देखिन्छ । यसबाट मानव बेचबिखनको विश्वव्यापी आयामलाई बुझ्न सकिन्छ । कुनै पनि घटना विश्वव्यापी आयामका साथ प्रसार हुन्छ भने त्यो केवल एक देशको वा देशभित्रको वा कुनै निश्चित क्षेत्रको समस्याको रूपमा मात्र रहँदैन, दुइ देश वा सोभन्दा बढी देशहरूको भूमि, नागरिक, मार्ग, मुद्रा, प्रवेशाज्ञा प्रयोग भएको सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसारको सवाल अन्तर्राष्ट्रिय सरोकारको विषय बन्न पुगेको हो ।

यसै सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसारलाई विश्वव्यापी संगठित अपराधको एक हिस्साको रूपमा लिएका कारण संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय संगठित अपराध नियन्त्रण गर्ने महासन्धिको एक विशेष प्रलेखको रूपमा मानव बेचबिखन विशेषगरी महिला र बालबालिकामा हुने बेचबिखन नियन्त्रण सम्बन्धी प्रलेख समेत अनुमोदन गरिसकेको छ । नेपाल समेत सो प्रलेखको अनुमोदन गरी पक्ष राष्ट्र बनेको अवस्था रहेको छ । मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूको विश्वव्यापी व्यापकता, प्रभाव र प्रयोगले मात्र मानव बेचबिखनको मुद्दा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक विषयको चासो बनेको हैन । यस समस्याका कारण, यसका सहयोगी पक्षहरू पनि यस सवाललाई अन्तर्राष्ट्रिय चासो र द्विपक्षीय तथा बहुपक्षीय सरोकारको विषयको रूपमा स्थापित गर्ने आधार बनेको छ ।

मानव बेचबिखनको कारण र बजारलाई हेर्ने हो भने विश्वव्यापी रूपमा देखापरेका मानवीय संकटका सन्दर्भहरू प्रमुख रूपमा रहेको पाइन्छ । विशेषगरी युद्ध, आन्तरिक द्वन्द्व र प्राकृतिक विपद् एवं पर्यावरणीय संकटका कारण प्रभावित समुदायका व्यक्तिहरू मानव बेचबिखन तथा ओसारपसारको उच्च जोखिममा रहेको र उक्त अपराधबाट पीडित भएको पाइने गरेको अध्ययन अनुसन्धानहरूले प्रमाणित गरेका छन् ।

नेपालकै सन्दर्भमा समेत माओवादी सशस्त्र द्वन्द्वको समयमा विस्थापित किशोरकिशोरीहरू, महिला पुरुषहरू, वयस्क मनोरञ्जन व्यवसाय, वैदेशिक रोजगार र वैदेशिक अध्ययनका नाममा ओसारपसार तथा बेचबिखनका शिकार हुने क्रम व्यापक बढेको पाइएको छ । द्वन्द्वका दौरान फस्टाएको वैदेशिक रोजगार व्यवसाय, वैदेशिक अध्ययन परामर्श व्यवसायको दीर्घकालीन प्रभावको रूपमा नेपाली समाजमा पपुलिज्मको उदय, श्रमशक्तिको अभाव, सामाजिक नैराश्यता र उपभोक्तावादी प्रवृत्तिको विकास र विस्तार भएको हामीले आफैं अनुभव गरिरहेका छौं ।

अर्कोतर्फ युद्ध तथा सशस्त्र द्वन्द्व बाध्यकारी श्रम र यौन श्रमको उच्च माग जन्माउने परिवेश पनि हो । विशेषगरी द्विदेशीय द्वन्द्व र आन्तरिक द्वन्द्वका सन्दर्भमा सैनिकहरूलाई अनौपचारिक रूपमा मानसिक यौन तनावबाट मुक्त राख्न सैन्य उद्यम चलाएका देशहरूले ती क्षेत्रमा हुने यौन व्यवसायप्रति आँखा चिम्लने गरेको पाइन्छ । अर्कोतर्फ हतियार, लागूऔषध र मानव तस्करीको अपराध एकै सिन्डिकेटबाट एकीकृत ढंगले सञ्चालन हुने हुँदा युद्ध, द्वन्द्व, लागूऔषध विस्तारले मानव बेचबिखनको बजार, पीडित र प्रभावितहरूको संख्या विस्तारको दुश्चक्रमा समाजलाई धकेलिरहन्छ र यसबाट मूलत: गरिब, अल्पविकसित, दक्षिणभूमिका देशहरू नै बढी प्रभावित हुने अवस्था रहन्छ ।

अन्तर्राष्ट्रिय द्वन्द्व र अन्तर्राष्ट्रिय तहमा हुने हतियार व्यापार तथा लागूऔषध तस्करी अन्तर्राष्ट्रिय सुरक्षाको गम्भीर चिन्ता, चासो र मुख्य सरोकारको विषय भएको हुँदा मानव बेचबिखन अन्तर्राष्ट्रिय सुरक्षा कूटनीतिको महत्वपूर्ण सवालको रूपमा रहेको छ भन्नु अतिशयोक्ति हुँदैन । विश्व अर्थ-व्यवस्था, गरिबी, असमानता र मानव बेचबिखनको सम्बन्ध पनि उत्तिकै बलियो छ । आप्रवासन सम्बन्धी अन्तर्राष्ट्रिय संगठन र वर्ल्ड बैंकको अध्ययन (२०२२) ले आर्थिक संकट र झट्का, आयको असमानता र गरिबीले मानव बेचबिखन तथा ओसारपसारको जोखिमलाई गुणात्मक ढंगले बढाउने निष्कर्ष प्रस्तुत गरेको छ ।

विशेषगरी विश्व खाद्य संकट, महामारीका कारण देखापरेको रोजगारीका अवसरहरूको कटौती र खाद्य मूल्यमा भएको उच्च वृद्धिबाट गरिब तथा अल्पविकसित मुलुक र समुदायका मानिसहरू मानव बेचबिखनको उच्च जोखिममा रहेको उक्त अध्ययनले बताएको छ । आर्थिक असमानता, आर्थिक संकट र दबाब, रोजगारीका अवसरको संकुचन र खाद्यान्नको उच्च मूल्यवृद्धिका पछाडि देशको आन्तरिक अर्थ व्यवस्था मात्र जिम्मेवार छैन, यसका सन्दर्भमा विश्व नवउदारवादी व्यवस्था, विश्व अर्थतन्त्र, विकसित राष्ट्र र पूँजीवादले नियन्त्रण गरेको आर्थिक प्रणालीहरू अझ बढी जिम्मेवार रहेका छन् ।

यस अर्थमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक आर्थिक पुनरुत्थान, उत्थानशीलता तथा आर्थिक अवसरहरूको दायरा वृद्धिका लागि आर्थिक र विकास कूटनीतिको हस्तक्षेप आवश्यक पर्दछ । तसर्थ पनि मानव बेचबिखन तथा ओसारपसार कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्धको महत्वपूर्ण सरोकारको विषयको रूपमा रहेको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसारका घटनाको प्रवृत्तिलाई समीक्षा गर्ने हो भने सन् २०१९ को तुलनामा सन् २०२० मा मानव बेचबिखन तथा ओसारपसारका घटनामा ११ प्रतिशतले कमी आएको र यौनशोषणका लागि हुने मानव बेचबिखनका घटनामा २४ प्रतिशतले कमी आएको देखिन्छ ।

यसो हुनुमा अन्तर्राष्ट्रिय पहल बलियो भएर भएको होइन, किनभने ८० प्रतिशितभन्दा बढी मानव बेचबिखन घटनाहरूमा पीडितहरूलाई औपचारिक सीमा नाकाको प्रयोग गरेरै एक देशबाट अर्को देशमा लगिने गरेको अध्ययनले देखाएका छन् । यसका पछाडि, कोभिड महामारीका कारण विश्वव्यापी रूपमा भएको आवागमनको स्थगन हो । यद्यपि यौनशोषणका लागि हुने मानव बेचबिखन तथा बालबालिकाको बेचबिखन र ओसारपसारका घटनामा भने अवैध मार्ग, अनौपचारिक नाकाहरू, गैरमानवीय पार वहनहरूको प्रयोग बढी भएको देखिन्छ । सीडीटीसीको तथ्यांक हेर्ने हो भने सन् २००७ देखि सन् २०२२ को अवधिमा बाध्यकारी श्रमका लागि हुने मानव बेचबिखनको घटनाहरूको संख्यामा निरन्तर वृद्धि हुँदै गएको पाइन्छ ।

यसर्थ सीमा नाकाहरूको कडा बन्दोबस्तीले मात्र मानव बेचबिखन तथा ओसार पसार रोकिएको रहेनछ, असुरक्षित आवागमन नै मानव बेचबिखनको संक्रमणका लागि उपयुक्त अवसर रहेछ भन्ने यी तथ्यांकहरूबाट पनि प्रमाणित हुन्छ ।

### सुरक्षा कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध

माथि उल्लिखित तथ्यहरूबाट मानव बेचबिखन तथा ओसारपसार सुरक्षा कूटनीतिको महत्वपूर्ण विषयको रूपमा स्थापित भइसकेको सन्दर्भमा अन्तर्राष्ट्रिय सम्बन्धमा सुरक्षा कूटनीतिको पक्षलाई संक्षिप्त रूपमा चर्चा गर्नु सान्दर्भिक रहन्छ । अन्तर्राष्ट्रिय सम्बन्धमा सुरक्षा कूटनीति मूलत: तीनवटा पक्षमा केन्द्रित रहन्छन्: सीमा तथा सामरिक सुरक्षाको विषय, आन्तरिक सुरक्षाका विषय, नागरिक तथा आर्थिक सुरक्षाका विषयहरू । विश्व राजनीतिक घटनाक्रमहरूमा देखापर्ने द्वन्द्व र शक्ति प्रतिस्पर्धाका क्रममा आफ्नो देशको सीमा सुरक्षा र सामरिक सामर्थ्यका लागि आवश्यक सूचना, ज्ञान, सीप, प्रविधि तथा साधन र जनशक्तिको जोहो गर्नु, सो सम्बन्धमा आवश्यक सहायता जुटाउनु र अन्य सहयोगी देशहरूसँग सहकार्य गर्नु सीमा सुरक्षा र सामरिक सामर्थ्यका लागि गरिने कूटनीतिक अभ्यास हो ।

हाम्रो सन्दर्भमा नेपाली सेना र नेपाल प्रहरीले यस क्षेत्रमा केही भूमिका निर्वाह गरेको पाइन्छ । त्यसैगरी दोस्रो महत्वपूर्ण विषय भनेको आफ्नो देशभित्र सम्भावित द्वन्द्व, वैमनश्यता, अस्थिरता बीजारोपण गर्न सक्ने सम्भावित अन्य देशका सरकारी वा गैरराज्यका हस्तक्षेपहरूलाई उपयुक्त माध्यमबाट नियन्त्रण गर्नु हो । विशेषगरी सतर्कता केन्द्र, प्रहरी, प्रशासन र सूचना विश्लेषणका निकायहरूबाट यस प्रकारका जोखिमहरूको पहिचान र आवश्यक प्रबन्ध गर्ने कार्य भइरहेको हुन्छ । तेस्रो नागरिक र आर्थिक सुरक्षा जसमा मूलत: नागरिक निकाय हावी रहन्छ ।

देशबाहिर रहेका, यात्रामा रहेका आफ्ना नागरिकहरूको संरक्षण, न्याय र अवस्थाको खोजी गर्ने, आवश्यक सहायता उपलब्ध गराउने नैतिक दायित्व सम्बन्धित देशको सरकारको हो, साथै आफ्ना जनशक्ति, अर्थ (वित्तीय र गैरवित्तीय दुवै) सम्पत्ति विदेशिनबाट रोक्ने र स्वदेशमै लगानी, उपयोग, उत्पादनशील बनाउने काम यस क्षेत्रको हो । यस्तै विदेशमा रहेका सक्षम, दक्ष, अनुभवी जनशक्ति तथा प्रविधि स्वदेश भित्र्याई उपयुक्त आर्थिक अवसरहरू सृजना गर्ने, विश्व अर्थ व्यवस्थाका कारण आन्तरिक बजारमा हुनसक्ने मूल्य वृद्धि नियन्त्रण र व्यवस्थापन गर्न आवश्यक अन्तर्राष्ट्रिय सहायता, समर्थन र सहकार्य जुटाउने कार्य नागरिक सुरक्षा कूटनीतिको विषय हो ।

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित, जोखिममा रहेकाहरूको संरक्षण, रोकथाम र न्यायका लागि उपयुक्त द्विपक्षीय वा बहुपक्षीय व्यवस्थाहरू गर्नु र सो अनुसारका संयन्त्रहरूको प्रभावकारी परिचालन गर्नु मानव बेचबिखन नियन्त्रणमा नागरिक सुरक्षा कूटनीतिको महत्वपूर्ण कार्य हो ।

### संवैधानिक र कानुनी मार्गदर्शन

नेपालको संविधानले बेचबिखन, ओसारपसार, बाध्यकारी श्रमबाट सुरक्षित रहने र उपयुक्त क्षतिपूर्ति सहितको न्यायको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । राष्ट्रिय हितको सन्दर्भमा आर्थिक विकास र अवसर, सुरक्षाका विषयलाई उत्तिकै महत्वका साथ समावेश गरेको छ । त्यसैगरी राज्यको पर राष्ट्र सम्बन्धी नीति नागरिक सुरक्षा, आर्थिक र विकास कूटनीति केन्द्रित रहने उल्लेख गरेको छ ।

नेपालको परराष्ट्र नीतिले पनि मानवीय सुरक्षा, मानव बेचबिखन तथा ओसार पसारको सम्बोधन र नियन्त्रण, नागरिक सुरक्षा, विश्व शान्ति, युद्धको अन्त्य, असंलग्नता, पर्यावरण संकट र संरक्षणका विषयहरूलाई राज्यको नीतिको रूपमा अंगीकार गरेको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, वैदेशिक रोजगार ऐन, यी ऐनका नियमावली र सो अनुरूप जारी गरिएका कार्यविधि तथा निर्देशिकाहरूले विदेशमा कानुनी प्रतिनिधित्व र नागरिक सुरक्षालाई सरकारले स्वीकार गरेको देखिन्छ ।

तर व्यावहारिक रूपमा हाम्रो कूटनीतिक निकायहरूले मानव बेचबिखन तथा ओसारपसारको मुद्दालाई आफ्नो द्विपक्षीय र बहुपक्षीय कूटनीतिक संवाद र पहलहरूमा प्रभावकारी ढंगले अघि ल्याउन सकिरहेको देखिँदैन । यसो हुँदा मानव बेचबिखन तथा ओसारपसारका विषयलाई मूलत: आन्तरिक गरिबी, चेतनाको कमी र हाम्रै सुरक्षा प्रशासन तथा न्यायिक निकायको कमजोरीको रूपमा बुझ्ने र यसको अन्तर्राष्ट्रिय सम्बन्धको पक्षलाई बेवास्ता गर्ने प्रवृत्ति कायम रहन गएको छ ।

मानव बेचबिखन तथा ओसारपसार, यसका मूलभूत कारण र पीडितहरूको हकअधिकारलाई विश्वव्यापी सवालको रूपमा स्थापित गरी सोही अनुसार जिम्मेवार अन्य देश र मानव बेचबिखनको अर्थ प्रणालीबाट लाभान्वित देशहरूलाई उत्तरदायी बनाउनेतर्फ हाम्रो ध्यान जान सकिरहेको छैन । अर्कोतर्फ कूटनीतिक नियोग, त्यहाँ तैनाथ कर्मचारी र कूटनीतिज्ञहरू मानव बेचबिखन तथा ओसारपसारको सवालमा आफ्नो भूमिकाको बारेमा या त अनभिज्ञ छन्, या बेवास्ता गरिरहेका छन् वा यो सवाल उठाउने कूटनीतिक क्षमता र सामर्थ्य राखिरहेका छैनन् ।

कूटनीतिक नियोगमा श्रम सहचारी र केही नियोगमा सुरक्षा सहचारीको तैनाथ गरिए पनि तिनीहरूको कार्य सम्पादनबाट मुलुकले नागरिक सुरक्षाका लागि आवश्यक समन्वय र सहकार्यमा कति लाभ लिन सक्यो भन्ने उपयुक्त मूल्यांकन सार्वजनिक भएको देखिँदैन । मुलुकभित्रै पनि मानव बेचबिखनलाई एक मन्त्रालयको विषय बनाएर अन्य मन्त्रालय आँखा चिम्लने वा अन्य मन्त्रालयलाई यस क्षेत्रमा सम्बन्धी मन्त्रालयले प्रभावकारी भूमिकाको निम्ति आमन्त्रण नगर्ने प्रवृत्ति पनि कायमै देखिन्छ । अर्थात् आन्तरिक अन्तरमन्त्रालय समन्वय र सहकार्यको अभावमा एकीकृत कूटनीतिक पहल आवश्यक पर्ने नागरिक सुरक्षा, आर्थिक कूटनीति केवल सैद्धान्तिक छलफलको शास्त्रीय विषय बन्न पुगेको छ ।

### सुरक्षा कूटनीतिको प्रयोग र परिचालन

यद्यपि उपयुक्त काम गर्न कहिल्यै ढिलो हुँदैन । यस अर्थमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणका लागि सुरक्षा कूटनीतिको प्रयोग र परिचालन गर्न अझै पनि सान्दर्भिक र उपयोगी नै रहेको छ । भर्खरै ब्राजिलमा सुरक्षा नियन्त्रणमा पुगेका १०० भन्दा बढी नेपालीको समाचारबाट पनि यो पुष्टि हुन्छ । सुरक्षा कूटनीतिको प्रयोग र परिचालनका लागि कूटनीतिक नियोगहरूको परिचालन, राजनीतिक भेटवार्ताहरू, सुरक्षा सहकार्य, ट्रयाक टु कूटनीति र आर्थिक तथा विकास कूटनीतिको एकीकृत प्रयोग गरिनु जरूरी हुन्छ ।

कूटनीतिक नियोगहरूको परिचालनका सन्दर्भमा विदेशस्थित कूटनीतिक नियोगमा तैनाथ हुने राजदूत, कर्मचारी, सुरक्षा सहचारी र श्रम सहचारीलाई मानव बेचबिखनका जोखिम र सम्भावित पीडितहरूको हकअधिकार गन्तव्य मुलुकको दायित्वका विषयमा विद्यमान अन्तर्राष्ट्रिय मान्यता र कानुनहरूका विषयमा आफ्ना नागरिक र प्रभावित मुलुकको न्यायका लागि आवश्यक कूटनीतिक पहलका विषयमा प्रशिक्षित गर्ने, कार्यसम्पादन मूल्यांकनका विषय बनाइनु उपयुक्त हुन्छ ।

राजनीतिक तहमा हुने उच्चस्तरीय भ्रमण र भेटवार्ताहरूमा सुरक्षा, आर्थिक र विकास कूटनीतिका राष्ट्रिय सरोकारहरू, पर्यावरण संरक्षण, युद्ध र सैन्यकरणका विरुद्धमा, शान्तिका पक्षमा, कूटनीतिक सरोकार र चासो व्यक्त गर्नका लागि राष्ट्रिय प्रस्तावका विषयमा समावेश गरिने प्रचलनलाई स्थापित गरिनुपर्दछ । सुरक्षा सहकार्य विशेषगरी दुई देशका प्रहरी, न्यायिक निकायहरू बीचको सहकार्य, समन्वय र सूचना आदानप्रदानका विषयलाई समावेश गर्नु जरूरी हुन्छ । यसका लागि यी निकायहरू बीच सम्बन्ध स्थापना, सूचना आदानप्रदानको सहजीकरणका लागि कूटनीतिक नियोगहरूको भूमिकालाई प्रवर्द्धन गरिनु जरूरी छ ।

यसका बाबजुद जनसंगठनहरू बीचको सहकार्य, नागरिक समाजहरू बीचको समन्वय र सूचना आदानप्रदान, व्यावसायिक संस्थाहरू बीचको सम्बन्ध स्थापनालाई राज्यले प्रवर्द्धन गर्ने र ती संस्था र समूहहरू बीचको सहकार्यलाई राज्यका तर्फ बाट आवश्यक मार्गदर्शन, परामर्श र नियमित जानकारी गर्ने-गराउने । गैरआवासीय नागरिक संस्थाहरूको परिचालनका लागि आवश्यक पहलकदमी राज्यका तर्फबाट गरिनु उपयुक्त हुन्छ । मानव बेचबिखन तथा ओसारपसार अन्त्य आज विश्वको साझा समस्या र चुनौतीको रूपमा रहेको छ । मानव बेचबिखन प्रभावित र उच्च जोखिमको मुलुक भएका कारण नेपालले मानव बेचबिखन तथा ओसारपसारका विषयमा सुरक्षा कूटनीतिको प्रयोग र परिचालनलाई जोड दिनु आज सान्दर्भिक र प्रभावकारी हुन सक्दछ ।

*(साभार: अनलाइनखबर)*

# विद्यार्थीको झगडामा राजनीति घुस्यो, कृषि विश्वविद्यालय ठप्प



काठमाडौं/विद्यार्थी संगठनबीचको विवादले चितवनको रामपुरस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय एक सातादेखि ठप्प छ। छात्राबासमा बस्ने विद्यार्थीहरुको व्यक्तिगत झगडामा विद्यार्थी संगठनहरु नै संलग्न भएपछि परीक्षा स्थगित भएको छ भने छात्रबास नै खाली गराइएको छ।

सामाजिक सञ्जालबाट सुरु भएको विवादलाई लिएर छात्राबासका विद्यार्थीहरुबीच १३ भदौमा कुटाकुट भएको थियो। त्यसमा सत्तारुढ कांग्रेससंवद्ध नेपाल विद्यार्थी संघ र एमालेसम्वद्ध अनेरास्ववियुबीच आरोप प्रत्यारोप र प्रहरीमा जाहेरी नै भएपछि १४ गतेदेखि हुने नियमित तथा मौका परीक्षा स्थगित भएको छ।

२८ गतेदेखि हुने नयाँ भर्नाको लागि प्रवेश परीक्षा पनि स्थगित गरी ९ असोजमा पुर्‍याएको छ। उपकुलपति प्रा.डा.पुण्यप्रसाद रेग्मीले भने छानबिन समितिको प्रतिवेदन आएपछि मात्र धेरै कुरा भन्न सकिने बताए। 'म विदेशमा भएको बेला घटना घटेकाले यकिन जानकारी छैन', उनले भने, 'हामीले डा. भूनन्द देवकोटाको संयोजकत्वमा छानबिन समिति बनाएका छौं। समितिको प्रतिवेदन हेरेपछि मात्रै यकिनसाथ भन्न सकिन्छ।'

**कसरी सुरू भयो विवाद ?**

९ भदौमा स्थानीय विद्यार्थी समाजले डोरी तान्ने प्रतियोगिता आयोजना गरेको थियो। प्रतियोगितामा कृषि तथा वनविज्ञान विश्वविद्यालयका विभिन्न संकायमा अध्ययनरत सिनियर विद्यार्थीलाई जुनियर विद्यार्थीले पराजित गरेपछि विवाद सुरु भएको एक प्राध्यापक बताउँछन्। प्रतियोगितामा जित्नेमध्ये एक विद्यार्थीले 'जित्नेले खसी काटेर खाएको र हार्नेले भाले काटेर खाएको' भनेर सामाजिक सञ्जाल फेसबुकमा लेखेको र त्यसमा हार्ने पक्षको विद्यार्थीले कमेन्ट गरेपछि झगडा सुरु भएको ती प्राध्यापक बताउँछन्।

सामाजिक सञ्जाल हुँदै भौतिक रुपमा र व्यक्तिगतबाट सांगठनिक रुप लिएर समस्या बढ्दै गएको उनी बताउँछन्। सिनियर र जुनियरबीचको झगडा सामाजिक सञ्जालमा भनाभन हुँदै १३ भदौमा भौतिक कुटाकुट भएपछि सांगठनिक रुपमा रुपान्तरण भएको एक विद्यार्थी बताउँछन्।

सगरमाथा छात्राबासमा बस्ने विद्यार्थीहरु धौलागिरी छात्राबासमा गएर त्यहाँ रहेका विद्यार्थीमाथि कुटपिट गरे। कुटाइ खाएका विद्यार्थीहरु सगरमाथा छात्राबासमा आउन खोजेपछि विद्यार्थीहरुले माथिबाट ढुंगामुढा गरे।

त्यसक्रममा केही गम्भीर घाइते भए। आँखामा गम्भीर चोट लागेको कमन दाहालको टिचिङ अस्पताल महाराजगञ्जमा र टाउकोमा चोट लागेको प्रितम भण्डारीको वीर हस्पिटल, काठमाडौंमा उपचार भइरहेको छ। उक्त घटनापछि नेविसंघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पा आफैं चितवन पुगेर आक्रमणमा संलग्नहरुविरुद्ध जाहेरी दर्ता गराए।

अनेरास्वबियुका सक्षम काफ्ले, महेश खड्का, विनोद भण्डारी, चिरण खनाल, विवेक कुमार यादव, प्रशन्न पोखेल, विवेक खत्री, नविन जैसी, एकराज पराजुली लगायतले छात्राबासको कोठामा बसिरहेका नेविसंघ क्याम्पस इकाइ समितिका निवर्तमान अध्यक्ष सुभम सिंह ठकुरी, उपाध्यक्षद्वय अभिषेक ओली र सुशील क्षेत्री र वर्तमान सचिव प्रितम भण्डारी र कोषाध्यक्ष कमन नेपाल लगायतलाई ज्यान मार्ने नियतले कुटपिट गरेको उनको दाबी छ। उनीहरुले फलामको रड, धारिलो हतियार, दाउराको चिर्पट लगायतले सुनियोजित रुपमा कुटपिट गरेको आरोप नेविसंघले लगाएको छ।

प्रहरीले जाहेरी दर्ता गर्दै प्रशन्न पोखरेल, विनोद भण्डारी र चिरन खनाललाई पक्राउ गर्‍यो भने एकराज पराजुली महेश खड्का र पवन पुरी फरार छन्। अनेरास्वबियुका अध्यक्ष समिक बडाल भने नेविसंघका विद्यार्थीले मदिरा सेवन गरी छात्राबास अगाडि अमर्यादित काम गरेको दाबी गर्छन्। उनले विज्ञप्ति जारी गरेर 'नेविसंघको समूहले हिंसात्मक गतिविधिहरु गरेको' बताएका छन्।

प्रतियोगितामा पराजित भएको निहुँमा हिसांत्मक घटना घटाएको र डिनले समेत चासो नदिएर घटना घटाउनेहरुलाई संरक्षण गरेको उनको आरोप छ। नेविसंघका अध्यक्ष शेर्पाले दिएको जाहेरी झुटा भएको भन्दै बडालले त्यसका आधारमा पक्राउ परेका विद्यार्थीलाई तत्काल रिहा गर्न समेत माग गरेका छन्।

घटनापछि कृषि तथा वन संकायको डिन कार्यालयले स्नातक तहको छात्रहरु बसिरहेको करिब साढे २०० जना क्षमता बराबरको चारवटै छात्राबास खाली गराएको छ। समस्याको समाधान नभएसम्म छात्राबास खाली रहने डिन कार्यालयले जनाएको छ।

**उपकुलपति पदका लागि राजनीति गरेको आरोप**

कतिपयले भने यो विवादलाई उपकुलपति पदसँग जोडेर हेर्नुपर्ने बताएका छन्। उपकुलपति रेग्मीको कार्यकाल असोज पहिलो हप्ता पूरा हुनेछ। उनका साथै केही शिक्षकले विद्यार्थीलाई उचालेर राजनीति गर्न खोजेको एक पूर्वडीन बताउँछन्। नाम उल्लेख नगर्ने शर्तमा उनले भने, 'उपकुलपति तथा शिक्षकहरु विद्यार्थीमा राजनीति गरि रहेका छन्, त्यसो नभएको हुन्थ्यो भने विद्यार्थीहरुलाई बेलैमा संयमित बनाउँथे।' पदाधिकारी तथा प्राध्यापक संगठनका नेताहरुले आफ्नो स्वार्थका कारण विद्यार्थीलाई उचाल्ने काम गरिरहेको उनको आरोप छ।

एक सहप्राध्यापक पनि अहिलेको विवाद रिक्त हुन लागेको उपकुलपति पदसँग जोडिएको हुनसक्ने अनुमान गर्छन्। 'उपकुलपति पद रिक्त हुन लागेकाले प्रजातान्त्रिक र प्रगतिशील प्राध्यापकहरुको आ आफ्नो इन्ट्रेस्ट जोडिएको देखिन्छ', उनले भने। कृषि संकायका डीन प्रा.डा.अर्जुनकुमार श्रेष्ठ भने विद्यार्थीहरुको व्यक्तिगत झगडा बढ्दै जाँदा राजनीतिक रुप लिएको बताउँछन्। उनले संचारकर्मीसँग भने, 'यो विद्यार्थीहरुको व्यक्तिगत द्वन्द्व बढ्दै जाँदा राजनीतिक हुन पुग्यो। रिक्त हुने उपकुलपति पदसँग यसको सरोकार छ भन्ने लाग्दैन।'

*(स्रोत: अनलाइनखबर)*

# प्रदीपको 'एक्लो' खिच्न अपर मुस्ताङमा ४५ लाखको सेट



काठमाडौं/यतिबेला अभिनेता प्रदीप खड्कालाई भ्याइनभ्याइको अवस्था छ। लगातार फिल्म सम्झौता गर्दा उनलाई छायांकनमा चटारो परेको छ। 'पूजार सार्की' रिलिजपछि 'एक्टर'को छायांकन सकाएका उनी अहिले फिल्म 'पिताम्बर'को छायांकनमा व्यस्त छन्। यसपछि उनी 'एक्लो'को छायांकनमा जोडिने छन्। यो फिल्मको अहिले प्रदीपबाहेकको दृश्य एक सातादेखि अपर मुस्ताङमा भैरहेको छ।

फिल्मको छायांकनका लागि त्यहाँ सेट नै तयार पारिएको छ। जसका लागि ४५ लाख रुपैयाँ खर्च भएको कार्यकारी निर्माता विनोद सुवेदी क्षितिजले जानकारी दिए। सेटमा फिल्मको महत्त्वपूर्ण दृश्यहरु खिचिने उनको भनाई छ। फिल्मका लागि अन्तरिक्ष यात्रीले लगाउने 'सुट' समेत तयार पारिएको छ। अपर मुस्ताङपछि १५ दिनको सेड्युलमा काठमाडौंमा पनि फिल्मको छायांकन गरिनेछ।

साइन्स-फिक्सन कथामा आधारित रहेर निर्माण भइरहेको फिल्ममा प्रदीपसँगै बेलायती अभिनेता जेमी बेकम, विजय लामा, सुनील थापा, दिया पुन, बेनिशा हमाल, दिनेश डिसी, कविता नेपाली, सुरज सिङ ठकुरी, त्रुचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोदकुमार सुवेदी (क्षितिज) लगायतको अभिनय रहनेछ। मोडल कविताले यही फिल्मबाट डेब्यु गर्न लागेकी हुन्।

'एक्लो'का निर्देशक प्रदीप शाही हुन्। उनले यसअघि 'गोर्खा: विनिथ द ब्रेभरी' र 'अन्तिम संस्कार' फिल्मको निर्देशन गरेका थिए। राजु कुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा र बागवीर पुन निर्माता रहेको फिल्ममा बाबु श्रेष्ठ छायाँकारमा छन्। फिल्मले सन् २०३० सम्म एक घातक महामारीका कारण मानिसले पृथ्वी छोड्न बाध्य भएको कथा भन्नेछ।

# छोरीको आमा-बुबा बने दीपिका र रणवीर

काठमाडौं/बलिउड अभिनेत्री दीपिका पादुकोण र अभिनेता रणवीर सिंह अभिभावक बनेका छन्। आइतबार बिहान दीपिकाले छोरीलाई जन्म दिएकी हुन्। सुत्केरी व्यथा सुरु भएपछि शनिबार उनलाई दक्षिणी मुम्बईको एचएन रिलायन्स हस्पिटलमा भर्ना गरिएको थियो। अस्पताल भर्ना हुनुभन्दा एक दिनअघि दीपिका पूजाआजा गर्न रणवीरको साथमा सिद्धिविनायक मन्दिर पुगेकी थिइन्।

दीपिकाले गत २८ फेब्रअरीमा आफू आमा बन्न लागेको जानकारी गराएकी थिइन्। रणवीर ले केही समयअघि एक अन्तर्वार्तामा दीपिकाजस्तै छोरीको चाहना व्यक्त गरेका थिए। उनले भनेका थिए, 'दीपिका क्यूट बेबी थिइन्। भगवान् मलाई उनी जस्तै छोरी दिनुहोस्, मेरो लाइफ सेट हुन्छ।'

दीपिका र रणवीरले ५ वर्ष लामो प्रेम सम्बन्धलाई सन् २०१८ मा विवाहमा परिणत गरेका थिए। उनीहरुको पहिलो भेट फिल्म 'गोलियोकी रासलीला: रामलीला'को सेटमा भएको थियो। यही फिल्ममा काम गर्ने क्रममा उनीहरु प्रेममा डुबेका थिए। उनीहरुले 'पद्मावत', 'बाजीराव मस्तानी' र '८३'मा एकसाथ काम गरिसकेका छन्।

दीपिका पछिल्लो पटक फिल्म 'कल्की'मा देखिएकी थिइन् भने रणवीर चाँडै फिल्म 'डन ३'मा काम गर्ने तयारीमा छन्।

# कस्तो चले 'रावायण' र 'देवी' ?

काठमाडौं/तीज विदा फिल्म प्रदर्शनका लागि उपयुक्त मानिन्छ। विदामा व्यापार राम्रो हुन्छ भन्ने विश्वासमा हरेक वर्ष तीजमा फिल्म रिलिजको राम्रै चाप देखिने गरेको छ। यसपटक दुई नेपाली फिल्म 'रावायण' र 'देवी' तीजको दिन प्रदर्शनमा आएका थिए। तर, केयी दुवै फिल्मले तीजको फाइदा उठाउन सफल भए त ? केही हदसम्म 'रावायण'को व्यापारमा भने तीज विदाको फाइदा पुगेको देखिन्छ।

शुक्रबार (तीजको दिन) बिहानी शोज अपेक्षित हुन नसकेको भए पनि दिउँसो १ बजेपछि फिल्मले गति समातेको थियो। काठमाडौं उपत्यकाका मल्टीप्लेक्सहरुमा दिउँसोदेखि साँझसम्म फिल्मलाई प्राप्त शोजमा समग्रमा ६० प्रतिशत हाराहारी अकुपेन्सी देखिएको थियो। केही हल पूर्ण रुपमा हाउसफुल थिए। काठमाडौंबाहिरका केही सहरमा पनि शुक्रबार दर्शकको उपस्थिति सुखद् थियो।

शुक्रबार फिल्मका अभिनेता पल शाह र अभिनेत्री पूजा शर्मा बालाजुस्थित अष्टनारायण हलमा पुग्दा उनीहरुलाई हेर्न र तस्वीर खिच्न दर्शकको ठूलो भीड देखिएको थियो। एक हजार सिट क्षमताको हल भरिएपछि अष्टनारायणका सञ्चालकले फिल्मलाई अर्को पर्दा पनि उपलब्ध गराएका थिए। त्यसमा पनि दर्शक भरिभराउ भए। शनिबार पनि अष्टनारायण हलमा लगभग यही अवस्था देखियो।

शुक्रबार दर्शकको उपस्थितिले उत्साहित बनेको निर्माण टिम शनिबारका लागि अझ आशावादी थियो। तर, अष्टनारायण हलबाहेक शनिबार काठमाडौंका मल्टीप्लेक्सहरुमा त्यो हिसाबले दर्शक ओइरिएनन्। यद्यपि, अकुपेन्सी अनुपात समग्रमा ५० प्रतिशत रह्यो। यो सुखद् नै हो। तर, अपेक्षित होइन। अब आइतबारबाट 'वर्ड अफ माउथ'ले 'रावायण'को बक्स अफिस भविष्य निर्धारण गर्नेछ। 'देवी'ले भने प्रदर्शनको पहिलो दिनै दम तोडिसकेको थियो। प्राप्त शोजमा २० प्रतिशत अकुपेन्सी पनि हासिल गर्न सकेको देखिएन। शनिबार भने एकाध शोजमा ठीकठाक दर्शक देखिए, त्यो पनि फिल्मकी मुख्य अभिनेत्री शिल्पा मास्के उपस्थित भएको शोमा। दुई दिनको व्यापार कमजोर भएपछि आइतबारदेखि फिल्मको शोज घटेको छ। यद्यपि, हेर्ने जतिले फिल्मलाई राम्रो भनेका छन्।

**"एडल्ट सर्टिफिकेट"ले "रावायण" लाई असर गरेको हो ?**

एक्सन कथावस्तुमा बनेकाले 'रावायण'ले यूनिभर्सल सर्टिफिकेट (सबैले हेर्न मिल्ने) पाउने सम्भावना थिएन। तर, यो फिल्मले पीजी सर्टिफिकेट पनि पाएन। केही विभत्स दृश्यका कारण सेन्सर बोर्डले फिल्मलाई 'एडल्ट सर्टिफिकेट' दिएको छ। अर्थात् यो फिल्म १६ वर्षभन्दा मुनिका दर्शकले हेर्न पाउँदैनन्। 'एडल्ट सर्टिफिकेट'ले फिल्मको व्यापारमा असर पुगेको निर्माण टिमको गुनासो छ।

शुक्रबार खुसी भावमा हल-हलमा पुगेकी फिल्मकी अभिनेत्री तथा निर्मात्री पूजा शर्मा शनिबार केही निराश भावमा देखिएकी थिइन्। त्यसको कारण फिल्मले पाएको 'एडल्ट सर्टिफिकेट' रहेछ। 'एडल्ट नै पाउनुपर्ने फिल्ममा त्यस्तो केही दृश्य थिएन। तर, एडल्ट पाउँदा एकदमै नराम्रो लागिरहेकोछ। यो सर्टिफिकेटको नियमका कारण धेरै हलहरुबाट दर्शक फर्किनुपरेको छ,' उनले भनिन्।

दर्शकले फिल्म हेर्न नपाउँदा आफू निराश रहेको उनको भनाई थियो। उनले फिल्मलाई के सोचेर एडल्ट सर्टिफिकेट दिएको भनेर सेन्सर बोर्डलाई प्रश्न पनि गरेकी छन्। उनी भन्छिन्, 'हाम्रो चाहना सबै वर्गका दर्शकले फिल्म हेर्न पाउन् भन्ने हुन्छ। सेन्सर बोर्डले यो चीज हटाउनुस् सबैले हेर्न पाउँछन् भनेर एक दिनको समय दिएको भए हुन्थ्यो। म यो विषयमा सेन्सर बोर्डसँग कुरा राख्दै छु।'

# आवासीय चिकित्सकको निर्वाह भत्तामा विवाद
## निजी मेडिकल कलेजले पीजी नपढाउने

काठमाडौं/निजी मेडिकल कलेजहरुले चिकित्साशास्त्रको स्नातकोत्तर तह (पीजी) पढाउन अस्वीकार गरेका छन्। चिकित्सा शिक्षा आयोगले स्नातकोत्तर तह (पीजी) अन्तर्गतको एमडी, एमएस र एमडीएसका लागि सिट संख्या माग गर्न निजी मेडिकल कलेजहरुलाई शुक्रबारसम्म समय दिएको थियो।

पीजीका लागि मेडिकल कलेज तथा प्रतिष्ठानहरुले स्वमूल्यांकन गरी आफ्ना संस्थामा कुन विषयमा कति सिट आवश्यक छ भनेर माग दाबी गर्दै चिकित्सा शिक्षा आयोगमा आवेदन दिनुपर्छ। त्यसको आधारमा आयोगले कलेजहरुको अनुगमन गरेर पिजीका लागि विद्यार्थी सिट निर्धारण गर्छ। तर आयोगले दिएको समयसीमा शुक्रबारभित्र कुनै पनि निजी मेडिकल कलेजले आवेदन नै नदिएको उपाध्यक्ष डा. अञ्जनीकुमार झाले जानकारी दिए। 'निजी मेडिकल कलेजले यस वर्ष पीजी सिटको माग नै गरेनन्। समयसीमाभित्र माग नगरेपछि हामीले सिट संख्या तोक्न सकेनौं', डा. झाले संचारकर्मीसँग भने, 'अब मेडिकल कलेजलाई सिट संख्या दिन सकिँदैन।' यसले एमडी, एमएस र एमडीएसका करिब ७०० सिट खेर जाने भएको छ।

आयोगका अनुसार अघिल्लो वर्ष स्नातकोत्तर तह (पिजी) मा करिब एक हजार ३०० सिट संख्या छुट्याइएको छ, जसमध्ये १४ वटा निजी मेडिकल कलेजका लागि ७०० भन्दा बढी सिट छुट्याइएको थियो।

**"घाटा खाएर पढाउन सक्दैनौं"**

निजी मेडिकल कलेजहरुका अनुसार यस्तो परिस्थिति आउनुको मुख्य कारण आयोगले हालै गरेको निर्णय हो। आयोगले पीजी अध्ययन गर्ने चिकित्सकलाई ८ औं तहका चिकित्सक बराबर निर्वाह भत्ता दिनुपर्ने निर्णय गरेको थियो। यो निर्णयले आर्थिक भार थपेकाले पीजीको सिटका लागि आवेदन दिन नै अस्वीकार गरेको निजी मेडिकल कलेजहरुको छाता संस्था 'एसोसिएशन अफ प्रभाइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालका' अध्यक्ष डा. ज्ञानेन्द्र कार्कीले बताए।

उनले अगाडि भने, 'आयोगले भनेअनुसार पीजी विद्यार्थीहरुलाई ८औं तहका चिकित्सकहरुको तलब बराबर निर्वाह भत्ता दिन सकिँदैन, यो निजी कलेजहरुका लागि आर्थिक रुपमा अव्यावहारिक छ।' उनका अनुसार निजी मेडिकल कलेजले पीजी अध्ययन गर्ने विद्यार्थीसँग २२ लाख ९० रुपैयाँ शुल्क लिन्छ। जसमध्ये हाल निर्वाह भत्ता अन्तर्गत महिनाको २० हजारको दरले तीन वर्षमा ७ लाख २० हजार विद्यार्थीलाई नै दिनुपर्छ। विश्वविद्यालयलाई दुई लाख दिनुपर्छ भने साढे ३ लाख परीक्षा शुल्क तिर्नुपर्छ। प्राध्यापकहरुको तलब सुविधादेखि अन्य अध्ययन अध्यापनमा पनि खर्च गर्नुपर्छ।

'यसरी हेर्दा एक विद्यार्थी अध्ययन गराएबापत ५-६ लाख आउँछ', उनले भने, 'आयोगको निर्णय अनुसार ५० हजार निर्वाह भत्ता दिने हो भने मेडिकल कलेजहरुले तीन वर्षमा विद्यार्थीबाट २३ लाख रुपैयाँ शुल्क लिएर २५ लाखभन्दा बढी खर्च गर्नुपर्ने अवस्था आउने छ। घाटा खाएर पठाउनुपर्ने अवस्था आएपछि निजी मेडिकल कलेजहरु आवेदन नदिएका हुन्।' सरकारी अस्पतालमा काम गर्ने आवासीय चिकित्सकले मासिक ४८ हजार रुपैयाँ निर्वाह भत्ता पाउँछन्। तर निजी मेडिकल कलेजहरूमा १८/२० हजार रुपैयाँमै काम गर्नुपर्ने बाध्यता छ।

**लामो ड्युटी, कम सुविधा**

एक डाक्टरको करिअरमा रेसिडेन्सी सबभन्दा चुनौतीपूर्ण समय हो। एमबीबीएस र एक वर्षको इन्टर्नसिपपछि डाक्टरहरूले पोस्ट ग्राजुएट (पीजी) अध्ययन गर्छन्। यो शैक्षिक कार्यक्रम विधा अनुसार ३ देखि ७ वर्षसम्म चल्न सक्छ। यो समयावधि विशेषज्ञ चिकित्सक बन्ने महत्वपूर्ण चरण हो, जहाँ उनीहरूले अधिकांश समय अस्पतालमै बिताउनुपर्ने हुन्छ। आवासीय चिकित्सकहरूको दैनिक जीवन अत्यन्त कठिन हुन्छ। उनीहरूले अस्पतालमा भर्ना भएका र आकस्मिक उपचारका लागि आएका बिरामीहरूको स्वास्थ्य जाँच गर्ने, भर्ना गर्ने, विभिन्न वार्डमा जिम्मेवारी लिने र डिस्चार्ज गर्ने जस्ता कामहरू गर्नुपर्छ। विशेष गरी इन-पेसेन्ट वार्ड र सर्जरी सेवा विभागमा कार्यरत आवासीय चिकित्सकहरूको कार्यबोझ झनै बढी हुन्छ। 'ड्युटी आवर' वैज्ञानिक ढंगले निर्धारण हुन्न भने सेवा सुविधा पनि निकै कम हुने आवासीय चिकित्सक बताउँछन्।

डा. टंक बराकोटीको नेतृत्वको समितिले पनि आवासकीय चिकित्सकमाथि श्रम शोषण भएको ठहर गरेको थियो। गत वर्ष असोजमा मणिपाल अस्पताल, पोखराका चिकित्सक डा.अनिल शाह अनाकहमै कुटिएपछि देशभर का आवासीय चिकित्सक आकस्मिक कक्ष बाहेकका काम छाडेर सडकमा ओर्लिएका थिए। १३ असोज २०८० मा सरकारसँग सहमति हुँदा आवासीय चिकित्सकहरूको सेवा-सुविधामा गर्नुपर्ने सुधारबारे अध्ययन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव बराकोटीको नेतृत्वमा समिति बनेको थियो।

त्यही समितिले आवासीय चिकित्सकहरुलाई ८औं तहको चिकित्सकको बराबर निर्वाह भत्ता दिन चिकित्सा शिक्षा आयोगलाई निर्देशन दिएको थियो। 'विशेषज्ञ चिकित्सक सरहको काम आवासीय चिकित्सकले गर्नुपर्छ। लगातार ३६ घण्टासम्म ड्युटी गरेबापत २० हजार दिनु त अन्याय भयो नि!' डा. बराकोटीले भने, 'त्यही भएर समितिले मेडिकल अफिसर सरह तलब दिनका लागि आयोगलाई निर्देशन दिएको हो।'

उपाध्यक्ष डा. झाका अनुसार समितिले दिएको निर्देशनकै आधारमा चिकित्सा शिक्षा आयोगले निर्णय पर्‍यो। आवासीय चिकित्सकहरूको कार्यबोझ कम गर्ने, उचित सुविधा प्रदान गर्ने र नियमित सुपरीवेक्षणको व्यवस्था गर्ने जस्ता कदम तत्काल चाल्नुपर्ने आवश्यकता देखिएको मन्त्रालयका अधिकारी बताउँछन्। तर निजी मेडिकल कलेजहरु भने त्यसका लागि तयार छैनन्।

*(स्रोत: अनलाइनखबर)*

# खाजा समय आधा घण्टाभन्दा बढी नराख्न निर्देशन




काठमाडौं/सरकारले सरकारी कार्यालयहरुमा खाजा समय आधा घण्टाभन्दा बढी नतोक्न निर्देशन दिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले मन्त्रालय, आयोग, सचिवालय र निकायहरुलाई परिपत्र गर्दै खाजा समय दिउँसो १:३० देखि २ बजेसम्म मात्रै छुट्याएर कार्यान्वयन गर्न निर्देशन दिएको हो।

१२ पुस २०८० को मन्त्रिपरिषदको निर्णयअनुसार २९ माघ २०८०मा प्रकाशित राजपत्रले सबै सरकारी कार्यालयको खाजा सयम तोकेकाले त्यसअनुसासर नै गर्न पत्रमा भनिएको छ। मन्त्रिपरिषदको निर्णयअनुसार तोकिएको खाजा समयबारे सूचना सूचनापाटीमा टाँस्ने र अन्य समयका सेवा प्रवाह र कार्यालयको काम नरोक्ने व्यवस्था गर्न सम्बिन्धकत कार्याएलय प्रमुखले मिलाउनुपर्ने परिपत्रमा उल्लेख छ।

पत्रमा अनुगमनका क्रममा कतिपय निकायमा खाजा समय तोकिएभन्दा बढी निर्धारण गरिएको र खाजा समय पालना नभएको प्रधानमन्त्री कार्यालयले जनाएको छ। मन्त्रालय र अन्तरगतका निकायमा तोकिएअनुसार खाजा समयको परि पालना गर्न पत्रमा भनिएको छ।

सरकारले सार्वजनिक विदाबारे हरेक वर्ष प्रकाशित गर्ने राजपत्रमा यसअघि सरकारी कार्यालयको सेवामा बाधा नपर्ने गरी आलोपालो मिलाएर सम्बन्धित कार्यालयले आधा घण्टाका लागि खाजा समय तोक्ने व्यवस्था गर्थ्यो। तर, गतवर्षदेखि सरकारले १:३० देखि २: ०० बजेसम्म खाजा समय उल्लेख गरेपनि आलोपालो मिलाउने कुरा उल्लेख गरेन। यसकै कारण सरकारी कार्यालयहरुले खाजा समयमा कर्मचारीहरुबीच आलोपालो मिलाउनेतर्फ ध्यान दिएका छैनन्।

सेवाग्राहीलाई कार्यकक्षमा कुराइहने, तर कर्मचारी भने क्यान्टिनमा अलमलिएर बस्ने अवस्था छ। सरकारी कार्यालयमा मात्रै हैन, सरकारी अस्पतालसहितका स्वास्थ्य संस्था, सैवैधानिक आयोग र सरकारी संस्थानमा समेत यस्तै छ। कतिपय सरकारी कार्यालयले १ घण्टाको खाजा समय तय गर्ने गर्दा सेवाग्राही मारमा पर्छन्।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस्।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# थाहाको करको दायरामा १८ संस्थागत करदाता समेटिए

साझाकुरा संवाददाता



हेटौंडा, २३ भदौ/थाहा नगरपालिका क्षेत्रमा रही सेवामूलक व्यवसाय संचालन गर्दै आएका १८ संस्थागत करदाता पालिकाको करको दायरामा आएका छन् ।

नगरपालिकाले प्रकाशन गरेको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा प्रतिवेदनमार्फत यो तथ्यांक सार्वजनिक गरिएको छ । यसरी करको दायरामा आउने संस्थागत करदातामा निजी विद्यालयतर्फ ५ वटा रहेका छन् । बैर्डिङ ३ वटा, लघुवित्त ७ वटा, बीमा कम्पनी ५ वटा र सहकारी संस्था १८ वटा रहेको उद्योग विकास शाखाप्रमुख रोजिना खड्काले जानकारी दिइन् ।

करको दायरामा आएका कतिपय व्यवसाय नयाँ पनि रहेका छन् भने कतिपय लामो समयदेखि कर नतिर्ने संस्था रहेको खड्काले जानकारी दिइन् । पटक-पटकको पालिकाको सहजीकरणमार्फत उनीहरु करको दायरामा आएको उनको भनाइ थियो । यसैबीच समीक्षा प्रतिवेदनमा पाँच लाखसम्म पूँजी भएका उद्योग नगरपालिकाले दर्ता गर्दै आएको जनाइएको छ । हालसम्म थाहा नगरपालिकामा १ हजार ४ सय १९ व्यवसाय प्रणालीमा आवद्ध भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । उद्योग वाणिज्य संघ र थाहा नगरपालिकाको सहकार्यमा आर्थिक वर्ष २०८०/८१ मा उद्योग वाणिज्य संघको भवनमा ४ दिने करशिविर सञ्चालन गरिएको प्रतिवेदनमा उल्लेख छ । शिविरका माध्यमबाट वडा नम्बर १, २, ३, ४, ६, ११ र १२ का संस्थागत व्यवसायलाई करको दायरामा ल्याइएको बताइएको छ ।

पालिकाको आन्तरिक स्रोत बढाउनका लागि आर्थिक ऐनले तोकेको कर संकलनलाई कडाइ गरिने प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको प्रतिक्रिया छ । करलाई सेवाप्रवाहसँग जोडेर भएपनि दायरामा नआएका करदातालाई दायरामा ल्याइने प्रशासकीय अधिकृत गिरीको भनाइ छ । यसका लागि कर्मचारी, जनप्रतिनिधि र सम्पूर्ण सरोकारवालाको सहकार्य आवश्यक रहेको उनको भनाइ छ ।

# रातोमाटेबाट दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागुऔषध चरेश ओसारपसारको आरोपमा हेटौंडा उपमहानगर पालिका-१५, स्थित राटोमाटेबाट दुईजनालाई पक्राउ परेको छ ।

पक्राउ पर्ने दुवैजना धादिङको गजुरी गाउँपालिका स्थायी घर भएकाहरु रहेको प्रहरीले जनाएको छ । प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीटोलीले गत शुक्रबार साँझ हेटौंडा-१५ रातोमाटे चेकपोष्टमा चेकजाँचका क्रममा १४ किलो चरेशसहित धादिङ गजुरी गाउँपालिका-८ का वर्ष ४२ को केदार तामाङ र सोही ठाउँका ३६ वर्षीय सुकमान तामाङलाई नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

हेटौंडाबाट पथलैयातर्फ जाँदैं गरेको ना ७ ख ६०६१ नम्बरको यात्रुबाहक बसलाई रोकी चेकजाँच गर्ने क्रममा बसमा सवार रहेका २ जनामाथि खानतलासी गर्दा लागुऔषध चरेश फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । लागुऔषधसहित पक्राउ परेका केदार तामाङ र सुकमान तामाङलाई मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्यादथप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्तासमेत रहेका डिएसपी भण्डारीले बताए ।

# गायनमा भविष्य खोज्दै हेटौंडाका सविन

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ मकवानपुर उद्योग वाणिज्य सघंले आयोजना गरेको हेटौंडा आईडलबाट गायनयात्रामा उदाएका हेटौंडाका सविन सुवेदीले चलचित्र छक्कापञ्जा ५ मा गीत गाएपछि अहिले चर्चामा छन् ।

हेटौंडामा पिता राजु सुवेदी र माता सीता सुवेदीको कोखबाट जन्मेका सविन यतिबेला काठमाडौंलाई कर्मथलो बनाएर नेपाली संगीत गायनक्षेत्रमा सक्रिय छन् । सविनले दर्जनौ गीत गाए उति चर्चा भएन तर, छक्कापञ्जामा गाएको गीतले उनको वर्षौंदेखिको गायनमा चर्चा कमाउने प्यास कमाए ।

एक सय जति गीत रेकर्ड गरेको बताउने उनी ३० वटा जति गीत श्रोता र दर्शकमाझ आएको बताउछन् । उनले गाएको 'तिम्रो याद आयो', 'स्वप्निल तिम्रा', 'तिम्रो आँखै रसिलो', 'चप्पल साटियो' जस्ता गीतलाई श्रोता दर्शकले मन पराएका छन् । पछिल्लो समय चलचित्र 'छक्कापञ्जा ५'को चर्चित गीत 'बिहे भाको छैन'मा उनले स्वर भरेपछि उनको पुराना गीतहरुपनि श्रोताले खोजीखोजी सुनिरहेका छन् ।

सविनले सबै खालका गीत गाएपनि लोकआधुनिक गीतमा आफ्नो अलिक बढी झुकाब रहेको बताउँछन् । आफू सानैदेखि गीतसंगीत मन पराउने भएकाले यसै क्षेत्रमा करिब डेढ दशकदेखि लागेको उनको भनाई छ । 'गीतसंगीतमै



केही गर्छु भन्ने थियो, त्यसैले यो क्षेत्रमा धेरै झुकाव बढाएँ,' उनले भने । औपचारिक रुपमा सिक्नेक्रम चाहिँ २०६५ बाट भएपनि व्यावसायिकरुपमा भने २०७६ बाट गायनयात्रा सुरु भएको उनले बताए ।

पछिल्लो समयमा लोकआधुनिक गीततिर श्रोताको बढी लगाब भएर होला आफूलाई पनि लोकगीत गाउन अझै मज्जा लाग्ने उनले बताए । छक्कापञ्जाको गीत गाउने अवसर पाएपछि संगीत क्षेत्रमा आफू नोटिस भएको उनले सुनाए । गायनक्षेत्रमा सबैको सहयोग पाएको अवस्थामा अझै राम्रो गीतहरु गाउने अपेक्षा रहेको सविनले सुनाए ।

# मकवानपुरमा मातृशिशु मृत्यू शुन्य

साझाकुरा संवाददाता



हेटौंडा, २३ भदौ/ पछिल्लो समय मकवानपुरका गर्भवती स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउन थालेपछि मातृ मृत्युदर र शिशु मृत्युदरमा सुधार आएको छ ।

स्वास्थ्य संस्थामा गएर नियमित गर्भवती जाँच गराउने र स्वास्थ्य संस्थामै पुगेर सुत्केरी गराउनेको संख्या बढेका कारण मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमी आएको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिजारले बताए । स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलालाई सरकारले भत्तालगायत सुविधा दिनु, पछिल्लो समय बाटोघाटो बनेर यातायातको सहजता हुनु र स्वास्थ्य संस्थाप्रति विश्वास बढ्नुजस्ता कारणले स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउने दर बढ्दै गएको हो ।

घरमा सुत्केरी गराउँदा आमा र नवजात शिशु दुवैको ज्यान जोखिममा पर्ने गरेकाले पनि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्या पछिल्ला वर्षमा बढेको उनको भनाइ छ । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मकवानपुरमा सुत्केरी गराउने क्रममा कुनै पनि आमा र नवजात शिशुको मृत्यु भएको छैन । आव २०८०/८१ मा ६६ प्रतिशत गर्भवतीले स्वास्थ्य संस्थामा गएर सुत्केरी गराएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । आव २०७९/८० मा ७६ प्रतिशत गर्भवती स्वास्थ्य संस्थामा सुत्केरी गराएका थिए ।

मकवानपुरबाहेक काठमाडौं, ललितपुर र भक्तपुरलगायत जिल्लाका स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउने गरेकाले अघिल्लो वर्षको तुलनामा यसवर्ष संख्या केही कम देखिएको प्रमुख मिजारले जानकारी दिए । यस्तै स्वास्थ्य संस्थामा गएर गर्भजाँच गराउने गर्भवतीको संख्या पनि विगत वर्षको तुलनामा बढेको छ । गर्भजाँच कम्तीमा आठपटक गराउनुपर्ने हुन्छ । गर्भको नियमित जाँच गराउने गर्भवतीको संख्या आव २०७९/८० मा ३० प्रतिशत रहेकामा आव २०८०/८१ मा बढेर ४८ प्रतिशत पुगेको उनले बताए ।

स्वास्थ्य संस्थामा गएर पहिलोपटक गर्भवती जाँच गराउनेको संख्या शतप्रतिशत रहे पनि नियमित चारपटकसम्म स्वास्थ्य संस्थामा गर्भ जाँच गराउने महिलाको संख्या ५६ प्रतिशतमात्र रहेको बताए । मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमी ल्याउन प्रोत्साहन कार्यक्रम सञ्चालन भएको र सर्वसाधारणमा चेतनाको विकास हुँदै गएका कारण स्वास्थ्य संस्थामा गएर गर्भजाँच गराउने र सुत्केरी हुनेको संख्या बढेका कारण मातृ तथा नवजात शिशु मृत्युदरमा कमी आएको उनले जानकारी दिए ।

# डाँडागाउँमा रोगकीरा नियन्त्रण सम्बन्धी तालिम



साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/थाहा नगरपालिका-३ मा रहेको बागेश्वरी कृषि सहकारी संस्था र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सहआयोजनामा डाँडागाउँमा रोगकीरा व्यवस्थापन तथा बालीउपचार तालिम भएको छ ।

तालिममा कृषि क्याम्पस रामपुरका सागर पाण्डेले रोगकीरा व्यवस्थापन गर्न कीट्नाशक कोकोपिट उपयोग गर्न सकिने बताए । बेर्ना सार्नुभन्दा अघि माटोको पिएच मापनको आधारमा कृषिचुन प्रयोग गर्नुपर्ने उनको भनाइ थियो । सन्तुलन मिलाएर मल प्रयोग गर्न सकेमा माटोको स्थिति नबिग्रने र उच्चप्रतिफल पाइने पाण्डेले बताए ।

टनेल खेतीको क्रममा नेमाटोडको समस्या देखिएमा मलमा ५ केजी तोरीको पिना प्रयोग गर्न सकिने पनि उनको भनाइ थियो । प्रतिरोपनीमा खेती गर्दा नेमाटोडको समस्या देखिएमा नीम वा तोरीको पिना प्रयोग गर्न उनले आग्रह गरे । कीट्नाशक नियन्त्रणको लागि कपार टाप हाइड्रोक्लोराइड फिब्रोनिल प्रयोग गर्न सकिने पाण्डेले बताए ।

बेर्ना रोप्ने दिन विभिन्न तरिका अपनाउनु पर्ने बताउँदै बेर्ना सारेपछी पनि विभिन्न पक्षमा ध्यान दिनुपर्ने कुराहरुको विषयमा उनले छलफल गरेका थिए । आवश्यकता अनुसार तरकारी फलफूलको बोट काँटछाट गर्नुपर्न लगायतको सहजीकरण गरिएको थियो । तालिममा बालीलाई हानी पुऱ्याउने कीरा रोग र तिनका समाधानका उपाय पनि सुझाइएको थियो ।

# जलवायु परिवर्तनमा तीनतहकै समन्वय जरुरी: मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामातामाङले जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण र क्षयीकरण रोक्नका लागि तीनै तहका सरकारले बजेट सुनिश्चित गर्नाका साथै समन्वय गर्नुपर्ने बताएका छन् ।

सम्पादक समाज नेपालले 'जलवायु परिवर्तनका प्रभावहरु न्यूनीकरणका लागि अपनाउनुपर्ने रणनीति' का सम्बन्धमा गोविन्द वियोगी पत्रकारिता अध्ययन केन्द्र, शिवपुरी-७, सूर्यचौर, नुवाकोटमा आयोजना गरेको अन्तरक्रियामा मुख्यमन्त्री तामाङले विकासबाट विनाश हुन जोगाइने तथा वातावरण, मानव र वन्यजन्तु संरक्षणका लागि मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

पत्रकारहरुको प्रश्न तथा जिज्ञासामा उनले नागमती बाँधबाट



बिजुली पनि निकालिने बताउँदै त्यसबाट मानव र मानवबस्तीमा पर्नसक्ने असरबारे अध्ययन-अनुसन्धान गर्नुपर्ने स्पष्ट पारे । शिवपुरी गाउँपालिका अध्यक्ष गोविन्दप्रसाद थपलियाले झरना, हरियालीपूर्ण वातावरण, शक्तिपीठहरु भएको तपोभूमि शिवपुरीमा आन्तरिक पर्यटन बढाएर स्थानीय जनताको आयआर्जन बढाउन गाउँपालिकाले प्रचारप्रसार, महोत्सव, घरबास तालिम जस्ता कार्यक्रम आयोजना गरिरहेको जानकारी दिए । शिवपुरीले छिमेकी ककनी गाउँपालिकासँग पनि मिलेर काम गर्ने सोच बनाएको छ ।


## हार्दिक बधाई तथा शुभकामना



नेपाल ज्योतिष परिषद्को २०८१ भदौ १४ गते सम्पन्न केन्द्रीय महाधिवेशनबाट गरिमामय केन्द्रीय अध्यक्ष पदमा निर्वाचित हुन सफल हुनु भएकोमा ज्योतिष **श्री केशव प्रसाद घिताल** ज्यूलाई हार्दिक बधाई दिँदै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

बुद्ध लामा (जिल्ला सभापति) एवम्
**नेपाली काँग्रेस मकवानपुर, परिवार**

## हार्दिक बधाई तथा शुभकामना



नेपाल ज्योतिष परिषद्को २०८१ भदौ १४ गते सम्पन्न केन्द्रीय महाधिवेशनबाट गरिमामय केन्द्रीय अध्यक्ष पदमा निर्वाचित हुन सफल हुनु भएकोमा ज्योतिष **श्री केशव प्रसाद घिताल** ज्यूलाई हार्दिक बधाई दिँदै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

इन्दिरा न्यौपाने (सह-सचिव)
**नेपाली काँग्रेस मकवानपुर**

## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पऱ्यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhabahini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५


**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**Madan Bhandari Academy of Health Sciences**
*(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७३ अन्तर्गत स्थापित)*
हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समिति २०७७

## सूचना ! सूचना ! सूचना !

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आइतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**

१. E.H.S. ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S. ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजेदेखि ६:०० बजेसम्म
३. E.H.S. ओ.पि.डी. मा उपलब्ध हुने सेवाहरु
   - मेडिकल ओ.पि.डी.
   - सर्जिकल ओ.पि.डी.
   - बालरोग ओ.पि.डी.
   - स्त्री तथा प्रसुतिरोग ओ.पि.डी.
   - मनोरोग ओ.पि.डी.
   - नसा तथा हार्डजोर्नी रोग ओ.पि.डी.
   - अन्य
     - भिडियो X-ray सेवा
     - प्याथोलोजी सेवा

३. E.H.S. ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन

**पुनश्च:** सार्वजनिक बिदाको दिनहरुमा E.H.S. ओ.पि.डी. सेवा संचालन हुने छैन ।




DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "

## हाम्रो ई.भी. सेवा

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४४,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना